श्री

## राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं. ३००**

**पुनरावेदन नं. ०७६-RB-०११६**

**मुद्दाः आयकर (२०६९।०७०)**

साविक गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. (स्थायी लेखा नं.३०१५९०९८५) हाल मर्जर भई कायम भएको का. जि. का.म.न.पा वडा नं. ३० चारखाल रोड स्थित श्री गोर्खाज फाइनान्स लि. (स्थायी लेखा नं. ५०००६००६१) का अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत श्री लालबहादुर थिङ.....................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बलराम रिज्याल
शुरु निर्णय मितिः- २०७४।०२।१२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल
निर्णय मितिः- २०७६।०५।०३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिबक्ता श्री शरद प्रसाद कोइराला
प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीर× :**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०२।१२ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णयमा चित्त नबुझाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथ आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता साविक गोर्खा डेभलपमेन्ट बैंक लि. (स्थायी लेखा नं. ३०१५९०९८५) हाल श्री गोर्खाज फाइनान्स लि. (स्थायी लेखा नं. ५०००६००६१) को आ.व. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रु.२१,४४,७०,९७४।९१ कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७०/१२/१२ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०६९/०७० को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, आयमा समावेश गर्नुपर्ने आय समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य नोक्सानी रु.६,९६,५०,२२८।५१ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७४।०१।१५ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।१५ मा जारी भएको सूचना करदाताले मिति २०७४।०१।१९ मा नै बुझी लिई सोको लिखित जवाफ मिति २०७४।०१।२९ मा पेश गरेको ।

४. करदाता श्री गोर्खाज फाइनान्स लि. को आ.व. २०६९/०७० का लागि रु.६,९६,५०,२२८।५१ करयोग्य नोक्सानी कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।१२ मा जारी भएको संशोधित कर निर्धारण आदेशको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७४।०२।१२ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी

करदाताले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०३।१४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले विगत बर्षको नोक्सानी सो भन्दा पछिल्लो आर्थिक बर्षमा समावेश नगरी अर्को बर्षमा समावेश गरेको देखिंदा त्यस्तो नोक्सानी सार्न मिल्ने देखिदैन। तसर्थ निवेदकले गत आर्थिक बर्षबाट बढी जिम्मेवारी सारेको नोक्सानी रकमलाई कार्यालयबाट आयकर ऐन,२०५८ को दफा २०(१)(ख) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरेको संशोधित कर निर्धारण कानूनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णय।

७. आयकर ऐन, २०५८ को दफा २० बमोजिम करदाताले सम्बन्धित आर्थिक वर्षमा अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी र कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आयबर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने भएकोले उक्त नोक्सानी कट्टी नपाउने गरी ठूला करदाता कार्यालय ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुट्टीपुर्ण हुँदा उल्टी गरी पाउँ भनी करदाताको यस न्यायाधिकरणमा मिति २०७६।०९।०८ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०५/२५ मा भएको आदेश।

९. यसमा यीनै करदाता साविक गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. हाल गोर्खाज फाइनान्स लिमिटेड आ.ब. २०७२/०७३ को आयकर तर्फको समेत यस न्यायाधिकरणमा पुनरावेदन नं.०७६-RB-००६२ दायर गरी हाल विचाराधीन रहेकोले प्रस्तुत मुद्दासँग लगाउ कायम गरी एकै साथ सुनवाई गर्नुपर्ने अबस्थाको रहेको भनी पुनरावेदक करदाताको तर्फबाट निवेदन पर्न आएकोले प्रस्तुत मुद्दासँग आज पेशी रहेको ०७७-RB-०२१६ मुद्दा र उक्त ०७६-RB-००६२ मुद्दा समेत लगाउ कायम गरिदिएको छ। सबै मुद्दा साथै राखी चढाई नियमानूसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/१३ मा भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री गोर्खाज फाइनान्स लिमिटेड तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइरालाले करदाताले व्यहोर्नु परेको विगत सात आयबर्षको कट्टी हुन नपाएको

नोक्सानी आयकर ऐन, २०५८ को दफा २० बमोजिम कट्टी गर्न पाउनेमा सो कट्टी गर्न नपाउने गरी ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी गरेको आन्तरिक राजस्व विभागको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. अब पुनरावेदन करदाताको पुनरावेदन जिकिर हेर्दा, करदाताले व्यवसायबाट व्यहोर्नु परेको नोक्सानीलाई कट्टी हुन नपाएकोमा उक्त नोक्सानी कट्टी गर्न पाउनु पर्ने सम्बन्धमा रहेको देखिन्छ। करदाताले विगत आ.ब. बाट जिम्मेवारी सरेको नोक्सानी यस आ.ब.मा रु.१४,४८,२०,७४६।४० खर्च कट्टी दावी रहेकोमा सो नोक्सानी खर्च कट्टी नपाउने निर्णय भएको देखिन्छ। करदाताले विगत आ.ब. मा भएको नोक्सानी रु.१४,४८,२०,७४६।४० भनी उल्लेख गरेको देखिन्छ। करदाताले पेश गरेको कागजात अध्ययन गर्दा आ.ब. २०६७/०६८ मा भएको कट्टी हुन नसकेको रु.१७,५३,२५,३००।- नोक्सानीलाई आ.ब. २०६८/०६९ मा दावी नगरेकोले उक्त नोक्सानीलाई आ.ब. २०६८/०६९ को आय रु.३,०५,०४,५५४।- वाट घटाउदा हुने रु.१४,४८,२०,७४६।- लाई यस आ.ब.मा नोक्सानी भनी खर्च कट्टी लेखेको देखिन्छ। आयकर ऐन २०५८ को दफा २०(१) मा "कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछ" भन्ने व्यवस्था गरी खण्ड (ख) मा "त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २४ बमोजिमको व्यवस्थाबाट भएको आयको गणनाको लेखांकन एक्रुयल आधारमा गणना गर्दा कट्टी हुने खर्चहरु समेत एक्रुयल आधारमा नै लेखांकन गर्नु पर्ने

हुन्छ। आयकर ऐन, २०५८ को दफा २०(१) (ख) मा भएको व्यवस्था बमोजिम यसरी लेखांकन भएका खर्च भुक्तानीहरुको आधारमा सात आय बर्ष सम्म नोक्सानी कट्टी गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखियो। शुरु ठूला करदाता कार्यालयले करदाताको आ.व. २०६७/०६८ मा रु.१४,४८,२०,७४६ नोक्सानी भएको तथ्यलाई स्वीकरै गरेको देखिन्छ।उक्त नोक्सानी आ.व. २०६८/६९ मा कर योग्य आयमा समायोजन नगरेकोले यस आ.व. २०६९/०७० मा समायोजन गर्न नपाउने भन्ने निर्णय गरे पनि सोको आधार र कारण निर्णयमा खुलाएको देखिएन।आन्तरिक राजस्व विभागले शुरु निर्णयलाई नै सदर गर्दा आय विवरण संग सम्वन्धित अनुसूची ५ मा नोक्सानीको महल राखी गत आर्थिक बर्षवाट जिम्मेवारी सारेको नोक्सानी अंक उल्लेख गर्नुपर्ने ढाँचालाई आधार लिएर निर्णय गरेको देखियो। आयकर ऐन, २०५८ को दफा २० (१) को खण्ड (ख) मा त्यस्तो व्यक्तिले कुनै व्यवसायवाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी भनी स्पष्ट सारभुत व्यवस्था गरेकोले करदाताको यो नोक्सानी सात वर्ष सम्म समायोजन गर्न पाउने कानून बमोजिमको अधिकारलाई ऐनको दफा ९६(५) वमोजिम विभागले तोकेको ढाँच सम्वन्धी कार्य विधिगत कुराले सीमित गर्न सक्ने देखिएन।आयकर ऐन, २०५८ को दफा २० (१) मा कट्टी गर्न पाउने नोक्सानी प्रत्येक वर्ष लगातार कट्टी नगरी  कुनै वर्ष छुटाई अर्को वर्ष समायोजन गर्न पाईने छैन भन्ने निषेधात्मक व्यवस्था रहे भएको पनि देखिदैन। त्यसैले कानून वमोजिमको ठोस आधार र कारण उल्लेख नै नगरी करदाताको कट्टी हुन नपाएको आ.व २०६७/६८ को नोक्सानी कट्टी नहुने प्रत्यर्थीहरुको निर्णयलाई न्यायोचित मान्न मिलेन। त्यसैले यो शीर्षकमा भएको खर्च कट्टी अमान्य गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयलाई न्यायोचित मान्न नमिलेकोले बदर गर्नुपर्ने देखिंदा अब करदाताको आ.ब. २०६७/६८ को वित्तीय विवरण समेत हेरी आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) को कानूनी व्यवस्था बमोजिम आधार र कारण सहित पुन; निर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाउन उपयुक्त हुने देखियो ।

१४. अतःमाथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक गोर्खा डेभलमपमेन्ट बैंक लिमिटेड (स्थायी लेखा नं. ३०१५९०९८५) हाल गोर्खाज फाइनान्स लि.ले आ.व. २०६९/०७० को आयविवरण पेश गर्दा आ.ब. २०६७/६८ मा भएको नोक्सानी रु.१४,४८,२०,७४६।४० कट्टी गरेकोमा ठूला करदाता कार्यालयबाट मिति २०७४।०२।१२ मा संशोधित कर निर्धारण गर्दा नोक्सानी कट्टी दिन नमिल्ने ठहर्याई गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णय समेत न्यायोचित नदेखिंदा

बदर गरिदिएकोछ। अब करदाताको आ.ब. २०६७/६८ को वित्तीय विवरण समेत हेरी आयकर ऐन,२०५८ को दफा २० को उपदफा (१) को रोहमा आधार र कारण खोली पुनःसंशोधित कर निर्धारण गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता श्री गोर्खाज फाइनान्स लिमिटेडको आ.व. २०६९/०७० को संशोधित कर निर्धारण गर्दा नोक्सानी खर्च अमान्य गरेको ठूला करदाता कार्यालयको मिति २०७४।०२।१२ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णय समेत सो हदसम्म बदर भई सो शीर्षकमा ठूला करदाता कार्यालयले पुनः संशोधित कर निर्धारण गर्नुपर्ने ठहरेकोले सो शीर्षकमा पुनः संशोधित कर निर्धारण गर्न यो फैसला सहित शुरु मिसिल ठूला करदाता कार्यालय ललितपुरमा लेखी पठाईदिनू।
२. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत मुद्दाको दायरीको लागत कट्टा गरी रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप